**नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (प्राविधिक सदस्य - १ र लेखा तथा लेखा परीक्षण सदस्य - १) नियुक्तिको लागि पर्न आउने निवेदन मूल्याँकनका लागि नियमानुसार गठन गरिएको सिफारिश समितिले तय गरेको अंकभारः**

| | | |
|---|---|---|
| १) | शैक्षिक योग्यताः | ३० |
| २) | कार्यानुभवः | ३५ |
| ३) | Vision Paper: | १५ |
| ४) | अन्तरवार्ताः | २० |
| | **कूल** | **१००** |

**१. शैक्षिक योग्यता**

शैक्षिक योग्यता वापत कूल अंक ३० प्रदान गरिनेछ । अंक विभाजन देहाय बमोजिम हुनेछ ।

क) स्नातक तहको लागिः

| | |
|---|---|
| प्रथम श्रेणीः | २० |
| द्वितीय श्रेणीः | १८ |
| तृतीय श्रेणीः | १६ |

ख) स्नातकोत्तर तहको लागिः

| | |
|---|---|
| प्रथम श्रेणीः | १० |
| द्वितीय श्रेणीः | ९ |
| तृतीय श्रेणीः | ८ |

तर, कुनै उम्मेदवारले विद्यावारिधि गरेको भए स्नातकोत्तर तह जुन सुकै श्रेणीमा उत्तिर्ण गरेको भएतापनि १० अंक प्रदान गरिने छ ।

ग) श्रेणी नखुलेको शैक्षिक प्रमाणपत्रको हकमा द्वितीय श्रेणी बराबरको अंक प्रदान गरिनेछ ।

घ) विदेशी शैक्षिक संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारणको प्रमाण पेश गर्नुपर्नेछ।

**२. कार्यानुभव**

७ वर्ष कार्यानुभव भएकोलाई २१ अंक र त्यसपश्चात् प्रति वर्ष १ अंकको दरले थप अंक प्रदान गरिनेछ । यसरी थप अंक प्रदान गर्दा ३५ अंक भन्दा बढी हुने छैन ।

**३. Vision Paper**

उम्मेदवारहरुले दरखास्तसाथ "**हाल नेपालको दूरसञ्चारको अवस्थाको मूल्याँकन तथा आगामी १० वर्षभित्र दूरसञ्चारको विकास र विस्तार**" भन्ने विषयमा तयार पारेको Vision Paper समेत पेश गर्नु पर्नेछ । प्रस्तुत Vision Paper को मूल्याँकन सम्बन्धित विज्ञबाट गराइने छ र यसलाई कूल १५ अंक प्रदान गरिनेछ । मूल्याँकन कर्ताले अंक प्रदान गर्दा ७० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा घटी प्रदान गर्नु परेमा सो को स्पष्ट कारण समेत खुलाउनु पर्नेछ ।

**४. अन्तरवार्ता**

अन्तरवार्ताको लागि २० अंक प्रदान गरिनेछ । अन्तरवार्ताकारहरु मध्ये प्रत्येकले दिएको अंकलाई जोडी औसत अंक निकालिनेछ । अन्तरवार्ताकारले अंक प्रदान गर्दा ७० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अंक

प्रदान गर्नु परेमा त्यसको विशेष कारण समेत खुलाउनु पर्नेछ । अन्तरवार्तामा अंक प्रदान गर्दा उम्मेदवारको विषय वस्तुको ज्ञान¸ व्यक्तित्व¸ दक्षता आदि विषयलाई आधार मानिनेछ ।

नोटः

- अन्तरवार्ताका लागि उम्मेदवारहरु उपस्थित हुँदा सक्कल प्रमाणपत्रहरु लिई आउनु पर्ने छ ।
- Vision Paper अंग्रेजी वा नेपाली मध्ये कुनै एक भाषामा तयार गर्न सकिनेछ ।
- Vision Paper बढीमा १५ पाना सम्मको हुनु पर्नेछ । सो तयार गर्दा नेपाली युनिकोड (मंगल फन्ट) वा अंग्रेजी Arial फन्टको प्रयोग गरी A4 Sized Paper मा प्रिन्ट गरिएको हुनु पर्नेछ । अक्षरको साईज 12 Point को हुनु पर्नेछ ।